# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(........................प्रशासन शाखा)

रामशाहपथ काठमाडौं


पत्र संख्या :- ०७२।७३

चलानी नं. :- १२३८

मिति :- २०७३/१/२७

विषयः- परिपत्र ।

श्री जिल्ला सरकारी वकील कार्यालयहरु,

सवै ।

उपर्युक्त बिषयमा नेपाल ऐन संशोधन गर्ने ऐन,२०७२ मिति २०७२।११।१३ लागु भए पश्चात आ.व. १७ नं. तथा १२४ग नं. अन्तर्गतका निवेदन तथा पुनरावेदन, अर्धन्यायिक निकाय तथा अधिकारीबाट भएको फैसला आदेश उपर निवेदन तथा पुनरावेदन गर्ने सम्वन्धमा व्यवस्थापन समितिबाट देहाय बमोजिम निर्णय भएको हुँदा सोहि अनुसार गर्न निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१. जिल्ला अदालतमा पुनरावेदन लाग्ने मुद्दामा पुनरावेदन गर्ने/नगर्ने सम्वन्धमा सम्वन्धित जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ताले सरकारी वकील सम्वन्धी नियमावली, २०५५ को नियम १९ र २० को व्यवस्था अनुसार पुनरावेदन गर्ने /नगर्ने विषयमा निर्णय गरी न्याय प्रशासन ऐन, २०४८ को दफा २७ मा गरिएको संशोधन व्यवस्था अनुसार गर्ने ।

२. अर्धन्यायिक निकायबाट भएका फैसला उपर जिल्ला अदालतहरुमा पुनरावेदन दर्ता भए पश्चात सम्वन्धित जिल्ला सरकारी वकील कार्यालयहरुले त्यस सम्वन्धी लगत पुनरावेदन सम्वन्धि निर्धारित ढाँचामा तयार गरी तालुक कार्यालयहरुमा मासिक विवरण पठाउँदा अनिवार्य रुपमा संलग्न गरी पठाउने ।

२०७३।१।२७

(गजराज घिमिरे)

शाखा अधिकृत

D:\प्रशासनशाखा आ.व.२०७१...\अफिस फोल्डर\परीपत्र\पुनरावेदन परीपत्र..


☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१